# सिरानचोक गाउँपालिकाको सडक मर्मत तथा सरसफाई बजेट मापदण्ड, २०७६

## सिरानचोक गाउँपालिका
## गाउँ  कार्यपालिकाको कार्यालय
## छोप्राक, गोरखा

# सिरानचोक गाउँपालिका
## सडक मर्मत तथा सरसफाई वजेट मापदण्ड -२०७६

गाउँपालिका क्षेत्र भित्रका सडकमा प्राकृतिक कारणले उत्पन्न हुने अवरोध वा विशेष चाडपर्वको समयमा स्थानीय जनतालाई यातयात सेवा उपलब्ध गराउनको साथै सडकलाई सफा राख्नको लागि र सडक मर्मत तथा सरसफाई वजेट लाई मितव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न वाञ्छनिय भएकोले गाउँकार्यपालिकाको वैठकले सिरानचोक गाउँपालिकाको विनियोजन ऐन २०७६ को दफा ५ बमोजिम **"सडक मर्मत तथा सरसफाई वजेट मापदण्ड -२०७६"** लाई स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १

१. **संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस कार्यविधिको नाम **"सडक मर्मत तथा सरसफाई वजेट मापदण्ड -२०७६"** रहेको छ ।

१.२ यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको गाउँपालिका सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "गाउँ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँ सभा सम्झनु पर्छ

(च) "मापदण्ड" भन्नाले "सडक मर्मत तथा सरसफाई वजेट मापदण्ड -२०७६" लाई सम्झनु पर्दछ ।

३. **सडक मर्मत तथा सरसफाई वजेट विनियोजन समिति सम्वन्धि व्यवस्था :**

३.१ सडक मर्मत तथा सरसफाई वजेट लाई मितव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न र सडक मर्मत तथा सरसफाई वजेट लाई मितव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न देहायको रकम विनियोजन समिति गठन हुनेछ ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | - अध्यक्ष |
| ख) लेखा शाखा प्रमुख | - सदस्य |
| ग) पुर्वाधार विकास समितिका संयोजक | - सदस्य |
| घ) प्राविधिक शाखा प्रमुख | - सदस्य |
| ङ) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

अध्यक्षले आवश्यक परेको अवस्था अवस्थामा विषयगत समितिको संयोजक, विषयगत शाखाका प्रमुख तथा विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

३.२ संचालन समितिको वैठक सामान्यतया वर्षमा ३ पटक बस्ने छ ।

३.३ वैठकको आव्हान समितिको अध्यक्षले गर्नेछ भने सदस्य सचिवले वैठक बोलाउनेछ ।

३.४ आवश्यकता अनुसार व्यवस्थापन समितिको वैठक अध्यक्षज्युको निर्देशनमा जुनसुकै समयमा पनि बोलाउन सकिनेछ ।

३.५ संचालन समितिको सम्पूण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा वैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ ।

सिरानचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घ्योप्राक, गोरखा गण्डकी प्रदेश, नेपाल

राजु गुरुङ
अध्यक्ष

३.६ बैठकको निर्णय अध्यक्षद्धारा प्रमाणित गर्नुपर्नेछ ।

३.७. यस समितिको निर्णयलाई गाउँकार्यपालिकाको बैठकले अनुमोदन गर्नुपर्नेछ ।

## परिच्छेद २

**४. समितिले योजनाको निर्णय गर्दा लिइने आधारहरु :**

४.१ स्थानीय स्तरमा योजना निर्माण, सञ्चालन र मर्मत गर्नका लागि देहाय वमोजिमका आधारहरु लाई प्राथमिकता दिई पूर्वाधार छनौट गर्नुपर्ने छ ।

क. गाउँपालिका भित्र रहेका सडकहरु अविरल वर्षा तथा अन्य प्राकृतिक विपत्ति वाट अवरुद्धभई यातयात सेवा सुचारु हुन नसकेको अवस्थामा त्यस्ता सडक हरुलाई तत्काल मर्मत गरि यातयात सेवा सुचारु गर्नु पर्ने अवस्थामा,

ख. गाउँपालिका भित्र रहेका सडकहरु चाडपर्वको वेलामा समुदायको सहभागितामा सम्पन्न हुन नसक्ने अवस्था देखिएमा वडापालिकाले कारण खुलाई आवश्यक कागजात पेश गरेको अवस्था,

**५. समितिमा पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

५.१ समुदायले दफा ४ बमोजिमको क्षेत्रमा सडक मर्मत तथा सरसफाई गर्न आवश्यक पर्ने भएमा उपदफा ५(२) बमोजिमको कागजात सहित यस गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

५.२ योजना मागगर्दा पेशगर्नुपर्ने आवश्यक कागजातहरु

क) वडा कार्यालयको सिफारिस

ख) वडा समितिको निर्णय वा सिफारिसको प्रतिलिपि

ग) स्थानीय समुदायको वडा कार्यालयमा पेश भएको निवेदको प्रतिलिपी ।

घ) सम्वन्धित योजनाको लागि प्राविधिक शाखाको लगत स्टिमेट ।

ङ) कार्यक्रमको हकमा खर्च सहितको कार्यक्रमको प्रस्ताव

## परिच्छेद-३

**६. बाधा अडकाउ फुकाउर्ने :**

यस मापदण्ड कार्यान्वयनको सम्बन्धमा प्रक्रिया सरलीकरण गर्ने तथा हेरफेर गर्ने जस्ता विषयमा गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

**७. प्रचलित कानुन बमोजिम हुने :**

यस मापदण्डमा उल्लेख भएका कुराहरु प्रचलित कानुन सँग वाझिएमा बाझिएको हद सम्म प्रचलित कानुन बमोजिम हुनेछ ।